२०६८।०५।२८

# प्रेस विज्ञप्ती

आफ्ना उपभोक्ताहरुलाई यथासक्य सहुलियतपूर्ण दरमा दूरसञ्चार सेवा उपलब्ध गराउने नेपाल टेलिकमको नीति अनुसार यही २०६८ असोज एक गते देखि लागू हुने गरी निम्न बमोजिम सेवा प्रबर्द्धनात्मक छुट तथा महसुल दर परिमार्जन गरिएको छ :

- कम्पनीले CDMA Skyphone सेवाको ग्राहक शुल्क (Subscription Charge ) परिमार्जन गरी रु. ६ सय कायम गरेको छ । यसमा सेवाको Talk Value रु. ५ सय बराबरको हुनेछ । यस अघि CDMA Skyphone सेवाको Talk Value रु. ५ सय बराबर र ग्राहक शुल्क रु.११३५। रहेको थियो ।
- कम्पनीको आधारभुत टेलिफोन सेवा (PSTN,CDMA fixed र VSAT) बाट अर्को अञ्चलमा रहेको कम्पनीकै मोवाइल सेवा (GSM र CDMA) मा कल गर्दा लाग्ने विद्यमान दरलाई परिमार्जन गरी प्रति मिनेट रु. १ (कर बाहेक) कायम गरिएको छ । यस अघि यो दर रु.२। रहेको थियो । यो व्यवस्थाबाट PSTN,CDMA fixed र VSAT बाट कम्पनीको मोवाइल नेटवर्कमा कल गर्दा मुलुकभर एउटै महसुल कायम हुनेछ ।
- कम्पनीको आधारभुत टेलिफोन सेवा (PSTN,CDMA fixed र VSAT) बाट अर्को अञ्चलमा रहेको कम्पनीकै PSTN, CDMA fixed र VSAT सेवामा कल गर्दा लाग्ने विद्यमान महसुल दरलाई व्यावसायिक प्रबर्द्धनका लागि परिमार्जन गरी आइतबारदेखि शुक्रवारसम्म विजिनेस आवरमा ( विहान ८ बजे देखि साँझ ६ बजेसम्म) प्रतिमिनेट रु. १।५० कायम गरिएको छ । यस अघि यो दर रु. २ रहेको थियो ।
- आधारभूत टेलिफोन सेवा (PSTN,CDMA fixed र VSAT) को २०६७ असार मसान्तसम्मको बक्यौता महसुल २०६८ मंसिर मसान्तसम्ममा बुझाएमा सोमा लाग्ने सम्पूर्ण जरिवाना मिनाहा गर्ने व्यवस्था गरिएको छ ।
- व्यावसायिक प्रबर्द्धनका लागि कम्पनीको नेटवर्कबाट GPRS/PSDN/EVDO/3G Data सेवाको महसुल दर १० पैसा प्रति १०० Kb (कर बाहेक) मिति २०६८ भदौ २३ गतेबाट नै लागू गरिसकिएको छ । त्यस भन्दा अघि उक्त दर १५ पैसा रहेको थियो ।

कम्पनीद्वारा प्रदान गरिएका यी सेवा प्रबर्द्धनात्मक छुटको अधिकतम उपभोग गरी लाभ लिन सम्पूर्ण उपभोक्ता वर्गमा अनुरोध छ ।

सुरेन्द्र प्रसाद थिके

प्रबक्ता

नेपाल टेलिकम